जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २३७ २०७९ साल बैशाख ११ गते आइतबार (24 Apr. 2022 Sunday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**गर्मी मौसममा संक्रामक रोगबाट बचौ र बचाऔं।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन।

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचनको तयारी तीव्र... २ पृष्ठमा : राष्ट्रसंघका महासचिव रुस र युक्रेन ..४ पृष्ठमा : दलित सरोकार मञ्चका ...

## दुई मोटरसाइकल ठोकिदा दाजुभाईसहित तीनको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

सप्तरीको राजगढ गाउँपालिका ५ मलेखपुरस्थित हुलाकी राजमार्गमा शुक्रबार राती दुई मोटरसाइकल एक आपसमा ठोकिदा तीन जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ३ निवासी ३० वर्षिय पप्पु यादव, २६ वर्षिय सन्दिप यादव र २८ वर्षिय रन्जित यादव छन्। दुर्घटनामा मृत्यु हुने तीनै जना एउटै वडाका हुन् भने सन्दिप र रन्जित दाजुभाई हुन्।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको प्र.१-०२४१ प.२२९६ नं.को मोटरसाइकल र सोही दिशाबाट जादै गरेको प्र.१-०२०४१ प.९५२४ नं. को मोटरसाइकल एक आपसमा ठोकिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आफन्तको विहेमा जन्ति गई फर्किदै गर्दा बिहान ३ बजेतिर बीच बाटोमा ती दुबै मोटरसाइकल एकआपसामा ठोकिएर दुर्घटनामा परेको थियो।

दुर्घटनामा गम्भिर घाइते भएका तीनै जनालाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा ल्याए पनि चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए।

मृतकको शव पोष्टमार्टमका लागि सोही अस्पतालमा राखी दुर्घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## आगलागीबाट चार बालबालिकाको मृत्यु

कर्णाली, १० वैशाख (रासस)।

तिला गाउँपालिकाका-३ जुम्ला कुडारी सार्कीवाडा गाउँमा गए राति आगलागी हुँदा चार बालबालिकाको मृत्यु भएको छ।

आगलागीबाट मानसिं सार्कीका दुई छोरी, एक छोरा र एक भान्जीको मृत्यु भएको छ। मृत्यु हुनेमा सार्कीका छोरीहरु ११ वर्षीया अनु र तीन वर्षीया दर्शना तथा एक वर्षीय छोरा दीपेश र भान्जी १४ वर्षीया तिर्सना सार्की रहेको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी प्रमुख नायब उपरीक्षक नरेन्द्र चन्दले रासससलाई जानकारी दिनुभयो।

"आगलागीबारे राति ११:४५ बजे हामीलाई जानकारी भयो", प्रहरी नायब उपरीक्षक चन्दले भन्नुभयो, "सूचना पाउने बित्तिकै जिल्लाबाट प्रमुख जिल्ला अधिकारी विजयाकुमारी प्रसाईसहितको टोलीले त्यहाँ पुगेर आगो नियन्त्रणमा लियो।" आगलागीबाट घरको दोस्रो र तेस्रो तला पूर्णरुपले क्षति भएको उहाँले बताउनुभयो।

आगलागीका कारण बेहोस भएका मानसिं र उहाँकी श्रीमती फागुनी तथा बहिनी रुन्चकलीलाई उपाचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएको छ। मृतक चारै बालबालिकाको शव परीक्षणका लागि प्रतिष्ठानमा ल्याउँदै गरेको उहाँले जनाउनुभयो। घटना कसरी भएको भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**विज्ञापन नं: ०१११/०७८/७९** **प्रथम पटक प्रकाशित : २०७९/०१/११**

यस जनज्योती कृषि सहकारी संस्था लि.मा तपशिल बमोजिमको कर्मचारी नियुक्त गर्नुपर्नेु भएकोले इच्छुक नेपाली नागरिकताबाट दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | पद | संख्या | योग्यता | तलब, सुविधा तथा अन्य शर्तहरु |
|---|---|---|---|---|
| १ | लेखा सहायक | २ जना | व्यवस्थापन विषयमा प्रमाणपत्र तह (+२) | संस्थाको नियम अनुसार |
| २ | ऋण सहायक | १ जना | व्यवस्थापन विषयमा प्रमाणपत्र तह (+२) | |

**आवश्यक योग्यता :**

१. आवश्यक दूवै पदको लागी कम्तीमा व्यवस्थापन बिषयमा प्रमाणपत्र तह (+२) उत्तीर्ण गरी ३ महिने बेसिक कम्प्युटर कोर्ष गरेको हुनपर्नेछ।
२. लेखा सहायकको हकमा भने ३ महिने बेसिक कम्प्युटर कोर्ष गरेको र नेपाली तथा अंग्रेजी टाइपिङ राम्रो संग गर्नुको साथै Ms Excel र Power Point संचालनमा दक्ष हुनुपर्नेछ।
३. अनुभवी, स्थानिय र सवारी चालक अनुमति पत्र भएकालाई विषेश प्राथमिकता दिइनेछ।
४. परीक्षा लिखित, कम्प्युटर सिप परीक्षण र अन्तरवार्ताको माध्यबाट हुनेछ साथै परीक्षा तालिका आवेदनको म्याद समाप्त भएपछी जानकारी गराइनेछ।

इच्छुक निवेदकबाट आवेदन दिन चाहेको पद खुलाएर लेखेको पत्र, बायोडाटा, शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो १/१ प्रति संलगन गरी मिती २०७९ वैशाख २५ गतेसम्म संस्थाको कार्यालयमा आई अथवा संस्थाको आधिकारीक इमेल **janajyoticoop@gmail.com** मार्फत समेत माथि उल्लेखीत कागजात पठाएर आवेदन फारम भर्न सकिनेछ।

**दरखास्त पठाउने ठेगाना**
E-mail : **janajyoticoop@gmail.com**
जनज्योती कृषि सहकारी लि.को कार्यालय
राजविराज ९, मलेठ, सप्तरी
फोन नं: ०३१५९०६०१, ०३१५९०६०२

## एमालेका प्रदेश समिति सदस्य मो. इस्लाम माओवादी केन्द्रमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

नेकपा एमालेका मधेश प्रदेश समिति सदस्य मो. इस्लाम मियाँ शनिबार एमाले परित्याग गरी नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन्।

राजविराजमा शनिबार आयोजित एक कार्यक्रमका बीच नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा सप्तरी ईन्चार्ज अशोक कुमार मण्डल, केन्द्रीय सदस्य असर्फि सदा लगायतका नेताहरुले माला र टिका लगाएर ईस्लाम मियाँलाई पार्टी प्रवेश गराएका हुन्।

मियाँ गत २०७४ सालको स्थानीय तह निर्वाचनमा बोदे बर्साइन नगरपालिकाको मेयर पदमा चुनाब लडेका थिए भने अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा पनि क्षेत्र नम्बर ४ मा एमालेबाट उम्मेदवार बनेका थिए।

पार्टी प्रबेश गरेसँगै माओवादी केन्द्रले मियाँलाई बोदे बर्साइन नगरपालिकाको मेयर पदमा उम्मेदवार बनाउने तयारी गरेको माओवादी केन्द्रका नेताहरुले बताएका छन्।

पार्टी प्रबेश कार्यक्रममा माओवादी केन्द्रका मधेश प्रदेश समिति सदस्यहरू महेश कुमार यादव, भागवत यादव, छेदी रजक विमल, जिल्ला समिति सदस्य दिलिपकुमार यादव लगायतको उपस्थिति रहेको थियो।

## पोखरीमा डुबेर बालिकाको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं. ५ रामनगर टोलस्थित पोखरीमा नुहाउने क्रममा एक बालिकाको डुबेर ज्यान गएको छ।

स्थानिय धर्मनाथ यादवको पोखरीमा नुहाउने क्रममा रबिन्द्र यादवकी ६ वर्षिया अनुषा कुमारी यादवको पोखरीमा डुबेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

गर्मी छल्न घर नजिकैको पोखरीमा नुहाउन गएकी ती बालिकाको शुक्रबार दिउँसो डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ। मृतक बालिकाको शव शनिबार स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा पोष्टमार्टम पश्चात् आफन्तलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# सुझबुझका साथ मतको प्रयोग गरौं

स्थानीय तहको पहिलो निर्वाचनमा तत्कालिन संघीय समाजवादी फोरमबाट विजय सरावगी चुनाव लडेर विरगञ्ज महानगरको मेयरमा निर्वाचित भए । तर, उनी अहिले दोश्रो पटक पुनः मेयर लड्नकालागि पार्टी परिवर्तन गरी नेकपा एमालेमा प्रवेश गरेका छन् । यस्तै बिरगंजकै मेयर पदकै लागि सुरेन्द्रमान सिंह श्रेष्ठले लोसपा त्याग गरि एमालेमा प्रवेश गर्ने लाग्दा सरावगि रातारात सो पार्टीमा प्रवेश गरेपछि उनी जसमा प्रवेश गरे । यस्तै बिराटनगर महानगरपालिकामा अघिल्लो निर्वाचनमा मेयर पदका प्रत्यासी एवं जसपा नेता उमेश यादवले मेयरमा पार्टीबाट टिकट नपाउने भएपछि शनिबार पार्टी नै परित्याग गरेका छन् । उनी पनि अहिले आफू पायक दलको खोजीमा छन् ।

यस्तै सप्तरीको महदेवा गाउँपालिकाका अध्यक्ष दीपककुमार यादव पनि यसै साता नेपाली काँग्रेसमा प्रवेश गरे । यसैगरि लोसपा परित्याग गरि तिरहुत गाउँपालिकाका अघिल्लो निर्वाचनका प्रत्यासी बिजय यादव टिकट पाउनैका लागि काँग्रेसमा प्रवेश गरे । स्थानीय तहका अध्यक्ष-प्रमुख मात्रै नभई वडा अध्यक्षहरु पनि निर्वाचनको मुख दल बदल्ने कामलाई निरन्तरता दिएको देखिन्छ । शुक्रबार मात्रै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ का निर्वाचित वडा अध्यक्ष दिनेश्वर मिश्र नेपाली काँग्रेस परित्याग गर्दै जनता समाजवादी पार्टीमा प्रवेश गरे । यी घटनाक्रम उदाहरण मात्र हुन् । निर्वाचनको मुखमा आएर नेपाली काँग्रेस परित्याग गरी जसपा, जसपा परित्याग गरी नेपाली काँग्रेस मात्रै नभई नेकपा एमालेमा वा एमालेबाट बाहिरिने जस्ता खेल आइतबारसम्म जारी रहने छ ।

निर्वाचन कार्यतालिकाबमोजिम आईतबार र सोमबार गरी दुई दिने मनोनयन दर्ता गराउने समय हो । यस पटक दुई दिनसम्म मनोनयन दर्ता गर्ने समय दिएपछि पार्टी परित्याग र प्रवेश गर्ने क्रम सोमबार मनोनयन दर्ता गर्ने अन्तिम समयसम्म चल्ने देखिन्छ । यसरी निर्वाचनको मुखमा दल बदल्ने कामलाई पार्टी भन्दा बढी व्यक्तिगत लाभका लागि गरिएको आरोप लाग्न थालेको छ । निर्वाचनको मुखमा आएर दल बदल्नु कार्यलाई अशोभनिय कार्य हो तर, त्यस्तो कार्यले पार्टीलाई फाइदा पुग्न पनि सक्छ । तसर्थ यस्तो कार्यप्रति जनताले विश्लेषण गर्दै निर्वाचनमा आफ्नो मत सुझबुझका साथ प्रयोग गर्न सचेत समेत हुनु आवश्यक छ ।

# निर्वाचनको तयारी तीव्रः संयुक्त निर्वाचन सञ्चालन केन्द्र कार्यान्वयनमा

**प्रकाश सिलवाल**

काठमाडौँ, १० वैशाख (रासस) । निर्वाचन आयोगले आसन्न स्थानीय तहको निर्वाचनका क्रममा शनिबारदेखि संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) कार्यान्वयनमा ल्याएको छ ।

आयोगको संयोजकत्वमा गृह मन्त्रालय, विभिन्न सुरक्षा निकाय र सम्बन्धित निकायका उच्चस्तरका प्रतिनिधि रहेको सो केन्द्र शनिबार आयोगको कार्यालय बहादुरभवनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले शुभारम्भ गर्नुभयो ।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि जारी भएको निर्वाचन अनुगमन निर्देशिका र सुरक्षा निर्देशिकाबमोजिम गठित सो केन्द्रबाट नियमित अनुगमन, सूचना आदानप्रदान र निर्वाचन तयारीका क्रममा हुने समस्या तत्काल समाधान गर्ने प्रबन्ध मिलाइएको छ । उक्त केन्द्रको संयोजकमा आयोगका सहसचिव शालिग्राम शर्मा पौडेल रहनुभएको छ ।

**टिप्पणी र आदेश पर्खेर नबस्न निर्देशन**

प्रमुख आयुक्त थपलियाले यस केन्द्र सञ्चालनसँगै निर्वाचनको तयारी लगभग पूरा भएको सन्देश मिलेको र अब निर्वाचन हुने नहुने भन्ने शङ्कालाई थन्काइदिए हुने स्पष्ट गर्नुभयो । उहाँले निर्वाचन व्यवस्थापन र सञ्चालनका लागि जिम्मेवारी र अधिकारका दृष्टिले केन्द्र माथिल्लो निकाय भएकाले कुनै समस्या आइपरेमा टिप्पणी र आदेश पर्खेर नबसी तत्काल सम्बोधन गर्न केन्द्रका अधिकारीलाई निर्देशन दिनुभयो ।

प्रमुख आयुक्त थपलियाले दललाई निर्वाचन आचारसंहिताको पालना गर्न र तडकभडकपूर्ण प्रचारप्रसार नगर्न आग्रह गर्दै भन्नुभयो, "दल जनताको मनमनमा टाँसिने हो । पर्खालमा टाँसिएका पोष्टरमा होइन । त्यसैले उम्मेदवारी दर्ता गर्न जाँदा तीन/तीन इन्चको पार्टीको झण्डा र निर्वाचन चिन्हबाहेक अरु कुरा प्रदर्शन गरिएमा उम्मेदवारी दर्तासँगै उम्मेदवारलाई सङ्कट पनि पर्न सक्नेछ ।"

**निर्वाचन सामग्री ढुवानी गरी पठाइँदै**

आयोगले निर्वाचनको तयारीका लागि आवश्यक सामग्री ढुवानी गरी पठाउन थालेको छ भने वैशाख ११ र १२ गते मनोनयन दर्ता भएपछि मतपत्र पनि ढुवानी गरिने भएको छ । सहसचिव एवं प्रवक्ता शर्माले हालसम्म एक करोड ३६ लाख मतपत्र छपाइ भइसकेको जानकारी दिनुभयो ।

मुलुकभर ७५३ पालिकामा हुने निर्वाचनमा १० हजार ७५६ मतदानस्थल निर्धारण गरिएको छ । तयारीकै क्रममा यही वैशाख ८ गते सबै स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ । आयोगले सर्वसाधारणका लागि निर्वाचनबारे कल सेन्टर पनि सञ्चालनमा ल्याएको छ ।

**मतदाता नामावलीमा हेरफेर नहुने**

आयोगले अद्यावधिक भइसकेको मतदाता नामावलीमा अब थपघट र हेरफेर नहुने स्पष्ट गरिसकेको छ । निर्वाचन अवधिमा मतदाता नामावलीसम्बन्धी कुनै पनि कार्य सम्पादन नहुने जनाइएको छ ।

यही वैशाख ३० गतेका लागि नेपाल सरकारबाट स्थानीय तहको निर्वाचनको मिति घोषणा भएकाले आयोगबाट नियमित हुँदै आएको मतदाता नामावली सङ्कलन कार्य मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भएपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता नगरिने भएकाले सो कार्य गत माघ २५ गतेदेखि स्थगन भएको थियो । अन्तिम मतदाता नामावली प्रकाशन भएपछि पनि मतदाता नामावली सार्न र सच्याइ पाउँ भन्ने निवेदन आइरहेका सन्दर्भमा मतदाता नामावली ऐन, २०७३ को दफा २१ बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन भएपछि नामावलीमा हेरफेर, थपघट गर्न वा सच्याउन नपाइने कानूनी व्यवस्थाअनुसार मतदाता नामावली

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

# राष्ट्रसंघका महासचिव रुस र युक्रेन जाने

न्युयोर्क, १० वैशाख (रासस/एएनआई) ।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस युद्ध अन्त्यका लागि रुस र युक्रेन जानुहुने भएको छ ।

उहाँ यही अप्रिल २६ मा रुस र २८ मा युक्रेन जाने तय भएको सरकारी अधिकारीले जानकारी दिएका छन् । उहाँलाई दुवै देशमा राष्ट्रपतिले स्वागत गर्नुहुने जनाइएको छ ।

रुसमा गएका बेला उहाँले राष्ट्रपति भ्यालदिमिर पुटिन र विदेश मन्त्री सेर्गेइ लाभ्रोभलाई भेटेर रुसमाथीको आक्रमण रोक्न आग्रह गर्नुहुने भएको छ ।

महासचिव गुटेरेसका सहायक प्रवक्ता एरि कानेकोले दुवै जनासँग वार्ताका लागि उहाँ मस्को जान लागेको पुष्टि गर्नु भएको छ । दुवै जनासँग एकै दिन भेटवार्ता हुने पनि उहाँले स्पष्ट पार्नुभयो ।

त्यसपछि उहाँ युक्रेन पुगेर त्यहाँका उच्च अधिकारीसँग भेटवार्ता गर्नुहुनेछ । "युक्रेन भ्रमणका लागि पनि महासचिवले तयारी गर्नु भएको छ", सहायक प्रवक्ता कानेकोले भन्नुभयो ।

गत मङ्गलबार महासचिव गुटेरेसले चार दिन मानवीय बिदा दिन दुवै पक्षलाई अनुरोध गर्नु भएको थियो ।

उहाँले शान्ति प्रक्रिया अगाडि बढाउनका दुवै देशका उच्च अधिकारीलाई अनुरोध गरी वार्तामार्फत विवाद अन्त्य गर्न पहल गर्नुहुने भएको छ ।

युक्रेनमा उहाँले राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीलाई र विदेश मन्त्री दिमित्रो कुलेबालाई भेट्ने कार्यक्रम रहेको छ ।

# कोरोनाका कारण भारतमा थप दुई हजार ५०० संक्रमित ३३ को मृत्यु

नयाँदिल्ली, १० वैशाख (रासस/एएनआई) ।

कोरोना भाइरसका कारण भारतमा थप दुई हजार ५०० सङ्क्रमित भएका छन् भने ३३ को मृत्यु भएको छ ।

सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा दुई हजार ५२७ कोरोना भाइरसबाट सङ्क्रमित भएका हुन् ।

सङ्घीय स्वास्थ्य मन्त्रालयले दैनिक सङ्क्रमित र मृतकको सङ्ख्या पछिल्ला दिनमा बढ्दै गइरहेको जनाएको छ ।

यसअघि शुक्रबार सार्वजनिक भएको विवरणमा दुई हजार ४५१ सङ्क्रमित भएको देखिएको थियो । मृतकको सङ्ख्या शनिबारभन्दा बढी ५४ रहेको थियो ।

पछिल्लो एक दिनमा एक हजार ६५६ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । एउटै अवधिमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्ख्या भने घट्दै गएको छ ।

मन्त्रालयका अधिकारीले दिएको जानकारीअनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या १५ हजार ७९ रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग



सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनज्योति कृषि सहकारी संस्था लि.

राजबिराज-०९, मलेठ, सप्तरी
फोन नं.०३१-५९०६०१, ५९०६०२

## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सुचना

मिति : २०७९/०१/११

यस सहकारी संस्था लि.बाट तपसीलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनको लागि लिएको ऋणको सम्झौता बमोजिम तोकिएको समयवधी भित्रमा तिर्नु बुझाउनुपर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक/पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको तर्फ कुनै चासो नदिएकोले धितो सुरक्षणमा रहेको तपसील बमोजिमको धितो घर/जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना जारी गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता/भुक्तान गर्न नआएमा यस सूचना प्रकाशित भएको मितिले ३५ औं दिनमा यस सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। अन्यथा कर्जा सुरक्षणवापत लेखिदिएको धितो अचल सम्पत्ति घर/जग्गा सहकारी ऐन, नियमावली तथा यस सहकारीको ऋण लगानी तथा असुली सम्बन्धी नियमावली बमोजिम तपशिलमा उल्लेखित धितो सुरक्षण लिलाम गरि वा कानूनी कारवाही गरि संस्थाको लेना रकम असुलउपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको धितो लिलाम विक्री हुन नसके यसै संस्थाले धितो सकार गर्नु परेमा नपुग बराबरको बाँकी बक्यौता ऋणीएवं जमानी कर्ताको अन्य जायजेथाबाट असुलउपर गरिने व्यहोरा समेत यसै साथ जानकारी गराईन्छ।

तपसिल

| ऋणीको विवरण | ऋणीको फोटो | धितोमा रहेको सम्पत्तिको विवरण | धनजमानीकर्ताको विवरण | धनजमानीको फोटो |
|---|---|---|---|---|
| ऋणीको नाम: लक्ष्मण यादव<br>बुवा: सोति लाल यादव<br>बाजे: कान्छु यादव<br>ठेगाना :<br>साबिक : बिषहरिया ५, सप्तरी<br>हाल : राजविराज १३, सप्तरी |  | नाम : लक्ष्मण यादव<br>बाजे : कान्छु यादव<br>बुवा : सोति लाल यादव<br>ठेगाना : विषहरीया ५<br>कित्ता नं. : ६३८<br>क्षेत्रफल : ०-५-६ | नाम :<br>बुवा:<br>बाजे:<br>नाता :<br>ठेगाना :<br>साबिक :<br>हाल : | |
| ऋणीको नाम: कैलु खंग<br>बुवा : पवन खंग<br>बाजे : तेतर खंग<br>ठेगाना :<br>साबिक : मलेठ १, सप्तरी<br>हाल : राजविराज ९, सप्तरी |  | नाम : कैलु खंग<br>बाजे : तेतर खंग<br>बुवा : पवन खंग<br>ठेगाना : मलेठ १<br>कित्ता नं. ७९३ क्षेत्रफल : ०-०-१४<br>ठेगाना :मलेठ ५<br>कित्ता नं. ९९४ क्षेत्रफल : ०-२-० | नाम : रामेश्वर खंग<br>बुवा: कैलु खंग<br>बाजे: पवन खंग<br>नाता : छोरा<br>ठेगाना :<br>साबिक : मलेठ १<br>हाल: राजविराज ९ | |
| ऋणीको नाम : रामकृष्ण साह<br>बुवा: दाना लाल साह<br>बाजे: प्रभुलाल साह<br>ठेगाना :<br>साबिक: कटैया ५, सप्तरी<br>हाल : रुपनी ३ |  | नाम : दाना लाल साह तेली<br>बाजे : मंगल लाल साह<br>बुवा : प्रभु लाल साह<br>ठेगाना : कटैया ७ ख, ६, ६<br>कित्ता नं. ४६३, ४०५, ९९७ क्षेत्रफल : ०-१६-९.१५,<br>०-८-१५, ०-८-९ | नाम :<br>बुवा:<br>बाजे :<br>नाता :<br>ठेगाना :<br>साबिक :<br>हाल: | |
| ऋणीको नाम: पलट साह हलुवाइ<br>बुवा: शिवकिसुन शाह<br>बाजे: सुकल साह<br>साबिक : सिसुवा बेल्ही ६<br>हाल : |  | नाम : पलट साह हलुवाइ<br>बाजे : सुकल साह<br>बुवा : : शिवकिसुन शाह<br>ठेगाना : सिस्वा बेलही ६क, ६क, ६क<br>कित्ता नं. ४३८, ४०५, ४३७, क्षेत्रफल : ०-५-०,<br>०-०-९.७५, ०-२-१० | नाम :<br>बुवा:<br>बाजे :<br>नाता :<br>ठेगाना :<br>साबिक :<br>हाल: | |
| ऋणीको नाम: दिनेश कुमार यादव (गिता)<br>बुवा: हलु यादव<br>बाजे: लेलाई यादव<br>साबिक : राजविराज ६<br>हाल : राजविराज |  | नाम : गिता देवी, दिनेश कुमार यादव<br>बाजे/पति : लेलाइ यादव ,मुनर यादव<br>बुवा : हलु यादव, मुनर यादव<br>ठेगाना : बोरिया १<br>कित्ता नं. ५१८, ५१९ क्षेत्रफल : ०-०-६.३/४, ०-०-५.१/४ | नाम : रमेश कुमार यादव<br>बुवा: मुनर यादव<br>बाजे : लेलाइ यादव<br>नाता : भाइ<br>ठेगाना :<br>साबिक : राजविराज ६<br>हाल: | |
| ऋणीको नाम : गिता चौधरी<br>पति : शुर्य नारायण चौधरी<br>ससुरा : असर्फि चौधरी<br>साबिक : कल्याणपुर ७<br>हाल : | | नाम : गिता देवी चौधरी<br>पति : सुर्य नारायण चौधरी<br>ससुरा : असर्फि चौधरी<br>ठेगाना : खोजपुर ८क<br>कित्ता नं. ९२० क्षेत्रफल : ०-०-५, | नाम : सुर्य नारायण चौधरी<br>बुवा: असर्फि चौधरी<br>बाजे :<br>नाता : श्रीमान<br>ठेगाना : कल्याणपुर ७ | |

**धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेलाई सूचना**

उल्लेखित सूचनाको म्याद भित्र यथाशिघ्र ऋणको बाँकी बक्यौता राफसाफ गरि आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढीहुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा सहकारी संस्था आफैले सकार गर्दा समेत साबिकमा सहकारी संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा, सहकारी संस्था आफैले सकार गरि लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा सहकारी संस्था आफैले सकार गरि लियो भनी कहिकतै उजुर गर्न पाउनु हुने छैन।

**लिलामका शर्तहरु :**

१. लिलाममा अन्तिम पटक सबै भन्दाबढी कबोल गर्ने व्यक्तिले कबुल गरेको रकमको १० प्रतिशतले हुने रकम संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापतको रकम स्वत जफत हुनेछ।
३. तोकिएको लिलामको दिन सार्वजानिक बिदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
४. बोलकबोलमा सबै भन्दा बढी कबोल गर्ने व्यक्तिलाई दिने नदिने सम्पूर्ण अधिकार सहकारीमा निहित रहनेछ।
५. लिलाम बिक्री भएको अचल सम्पत्ति जे अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
६. लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम सहकारी संस्थालाई चित्तबुझ्दो नभएमा यस सहकारी संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
७. लिलाम गर्दा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयले नै व्यहोर्नु पर्ने छ। साथै लिलाम सकार गर्ने व्यक्तिले सकार गरि लिएको जायजेथा आफ्नो नाममा नामसारी गर्दा लाग्ने खर्च सकार गर्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्ने छ।
८. लिलाम बढाबढ २०७९.०२.१६ गते बिहान १० बजे देखी ५ बजे सम्म संस्थाको कार्यालय राजविराज:-०९, मलेठमा हुनेछ।

# दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासमानले दिए राजीनामा



**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

सप्तरीको कञ्चनरुप नगरपालिका वडा नं.८ स्थित दलित सरोकार मञ्च नेपाल सप्तरीका कार्यकारी निर्देशक भोलाकुमार पासमानले शुक्रबार राजिनामा स्वीकृत भएको छ ।

कार्यकारी निर्देशक पासमान आफ्नो व्यक्तिगत कारणले संस्थाको कार्यकारी निर्देशकको पदबाट राष्भर्सजिनामा दिएका छन् ।

२०७९ बैशाख ९ गते गतेदेखी लागु हुनेगरि राजिनामा दिएको हो । दलित सरोकार मञ्चको स्थापनाकालदेखी संस्थाको कार्यकारी निर्देशकको रुपमा जिम्मेबारी दिएर दलित समुदायको अधिकार सुनिश्चिताका लागि काम गर्दै आएका छन् ।

यही बैंशाख ३० गते हुन गईरहेको स्थानीय तहको निर्वाचनमा जनता समाजवादी पार्टी नेपाल कञ्चनरुप नगरपालिकाको प्रमुख पदमा कार्यकारी निर्देशक पासमान चुनाव लड्ने भएकाले दलित सरोकार मञ्च नेपाल सप्तरीले अग्रीम बधाई तथा शुभकामना दिए ।

# राजविराज नगरपालिका टिमका खेलाडीहरु सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

गत चैतमा बिराटनगरमा आयोजित मेयर कप क्रिकेट प्रतियोगिताको बिजेता राजविराज नगरपालिका टिमका खेलाडीहरुलाई शनिबार सम्मान गरिएको छ ।

क्रिकेट विकास प्रतिष्ठान राजविराज-६ ले एक समारोहकाबीच बिजेता खेलाडीहरुलाई सम्मान गर्दै शुभकामना दिएको हो ।

शुभकामना मन्तव्य व्यक्त गर्दै प्रतिष्ठानका अध्यक्ष ई. इन्द्रनारायण देवले खेलकुदमा पाएको सफलताले मुलुककै प्रतिष्ठा बढाउने भन्दै राजविराज टिमले पाएको सफलताप्रति खेलाडी तथा प्रशिक्षक र सहयोगि सबैलाई बधाई ज्ञापन गरे ।

सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले राजविराज क्रिकेट टिमले मधेश प्रदेश र प्रदेश १ का गरि सबै टिमलाई पराजित गरि प्रथम हुनु ठूलो उपलब्धी हो भन्दै सप्तरीमा क्रिकेटका विकासका लागि सबै क्षेत्रबाट सहयोगको अपेक्षा व्यक्त गरे ।

टिम कोच तथा क्रिकेटका अन्तराष्ट्रिय खेलाडी राजकुमार दासले बिजेता खेलाडीहरुलाई शुभकामना दिँदै सप्तरीमा रहेका उदीयमान खेलाडीहरुको लागि विशेष व्यवस्थाका साथ खेल अभ्यासको वातावरण बनाउनु पर्ने बताए ।

राजविराज नगरपालिका टिमका क्याप्टेन महबुब आलमले प्रतिष्ठानद्वारा आयोजित स्वागत कार्यक्रमबाट खेलाडीहरुमा उर्जा र खेलप्रति समर्पण बढाउने भन्दै अन्य क्षेत्रबाट पनि क्रिकेटको विकासका लागि ध्यान पुऱ्याउन जरुरी रहेको बताए ।

प्रतिष्ठानका सचिव सन्तोष कुमार यादवले संचालन गरेको कार्यक्रममा राजविराज टिमका खेलाडीको तर्फबाट अमितकुमार यादव, स्वेडेककी अध्यक्ष मिरा देव, पत्रकार ब्यासशंकर उपाध्याय समेतले मन्तव्य व्यक्त गरेका थिए ।

## *निर्वाचनको तयारी ...*

थपघट गर्न, हेरफेर गर्नेलगायत कार्य नितान्त आयोगको क्षेत्राधिकारभित्र रहेकाले सो ऐनको दफा २९ बमोजिम कुनै अदालतमा प्रश्न उठाउन नपाइने पनि आयोगले जनाएको छ ।

मतदाता नामावली सङ्कलन कार्य स्थगन भएपश्चात् आयोगबाट मतदाता नामावली अद्यावधिक कार्यक्रम स्वीकृत भई गत फागुन १९ देखि २६ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिएकामा उक्त अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, दोहोरो नामावली भए हटाउन निवेदन दिने, एकाघर परिवारका सदस्यको मृत्यु भए हटाउन निवेदन दिन आह्वान गरिएको थियो । सोही अवधिमा एकै वडाका दुई वा दुईभन्दा बढी मतदान स्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न निवेदन दिन सकिने, कुनै दाबी विरोध भए सोसम्बन्धी निवेदन दिनेलगायत कार्यक्रम सञ्चालन गरिएको थियो ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को प्रयोजनका लागि आयोगले गत चैत १३ मा प्रकाशन गरेको अन्तिम मतदाता नामावलीमा हाल कुनै संशोधन वा परिमार्जन, थपघट, हेरफेर वा सच्याउन नसकिने भएकाले स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात् मात्र सम्बन्धित निर्वाचन कार्यलयबाट गराउन सकिने जनाइएको छ ।

**बन्दसूचीमा भएकाले उम्मेदवारीपूर्व राजिनामा दिनुपर्ने**

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन वा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूचीमा नाम कायम रहेका व्यक्तिले यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा उम्मेदवार हुन चाहेमा यही वैशाख १० गतेभित्र नाम हटाइसक्न पनि आग्रह गरेको छ ।

स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारको मनोनयन गर्न तोकिएको मितिको अघिल्लो दिन यही वैशाख १० गतेभित्र प्रक्रिया पुऱ्याई आयोगमा लेखी पठाएमा उम्मेदवारको बन्दसूचीबाट त्यस्तो व्यक्तिको नाम हटाइनेछ ।

नेपालको संविधानको धारा ८४ र १७६ ले प्रतिनिधिसभा र प्रदेशसभामा पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित सदस्य रहने व्यवस्था गरेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (९) मा दलले उम्मेदवारको बन्दसूची पेश गर्दा सम्बन्धित व्यक्तिको मञ्जुरीनामा समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सोही ऐनको दफा ३० को उपदफा (१) मा आयोगले प्रकाशन गरेको अन्तिम बन्दसूची प्रतिनिधिसभाको सो कार्यकालभर मान्य हुने व्यवस्था छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**



**स्वदेशी उत्पादन, उद्योग र व्यवसायलाई प्रबर्द्धन गरौं।**

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रबर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*